REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST:18:40 hrs. Date: 07.01.2026

## Kiren Rijiju

मुख्यमन्त्री प्रेम सिंह तामाङले आज केन्द्रीय मन्त्री किरेन रिजिजुसँग भेटघाट गर्दै नयाँ वर्षको अवसरमा उहाँलाई सुस्वास्थ्य, सुख–समृद्धि तथा आगामी वर्षमा निरन्तर सफलताको कामना व्यक्त गर्नुभएको छ। भेटका क्रममा दुबै नेताबीच सौहार्दपूर्ण तथा अर्थपूर्ण छलफल भएको थियो। छलफलमा उत्तरपूर्वी क्षेत्रको समग्र विकाससँग सम्बन्धित विषयहरू तथा हाल सञ्चालनमा रहेका विकास योजनाहरूबारे विचार–विमर्श गरिएको थियो। मुख्यमन्त्री तामाङले सिक्किमको विकासप्रति केन्द्रीय मन्त्री रिजिजुको निरन्तर सहयोग र सकारात्मक दृष्टिकोणप्रति कृतज्ञता व्यक्त गर्नुभयो। साथै राज्यको विकास र जनकल्याणका कार्यक्रमहरूलाई अझ अगाडि बढाउन आगामी दिनहरूमा उहाँको निरन्तर सहयोगको अपेक्षा पनि गर्नुभयो।

## वाणिज्य तथा उद्योग विभाग

वाणिज्य तथा उद्योग विभागले आज विभागको सम्मेलन कक्षमा निर्यात सहजीकरण कक्ष अथवा Export Facili-tation Cell- को औपचारिक उद्घाटन गर्नुका साथै भारतीय विदेश व्यापार संस्थान (IIFT), कोलकातासँग समझदारीपत्र (MoU) मा हस्ताक्षर गरेको छ।

विभागकी सचिव कर्मा डी. योत्सोले विशेष सम्बोधन गर्दै उक्त सम्झौताले राज्यका स्थानीय उद्यमीहरूलाई स्थानीय तथा अन्तर्राष्ट्रिय बजारमा व्यापार विस्तार गर्न मार्गदर्शन प्रदान गर्ने बताउनुभयो। उहाँले निर्यात सहजीकरण कक्षमार्फत नीति सम्बन्धी जानकारी, परामर्श तथा आवश्यक सहयोग उपलब्ध गराइने उल्लेख गर्नुभयो। उहाँले मुख्यमन्त्री प्रेम सिंह तामाङको दूरदर्शी नेतृत्वमा राज्यमा उद्यमशीलताका लागि अनुकूल वातावरण सिर्जना भएको

बताउनुभयो। ‘One Family-One Entrepreneur’ योजनाको प्रभावस्वरूप 2020 मा करिब एक हजार रहेको MSME उद्यमीहरूको संख्या हाल बढेर लगभग तिस हजार पुगेको उहाँले जानकारी दिनुभयो। सम्झौताअनुसार IIFT, कोलकाताले नीति ढाँचा निर्माण, स्थानीय उद्यमीहरूको क्षमता अभिवृद्धि, तालिम कार्यक्रम तथा विभागीय जनशक्तिको सीप विकासमा विभागलाई सहयोग गर्नेछ। निर्यात सहजीकरण कक्षको कार्य सञ्चालनका लागि सुबर्णा मुखियालाई निर्यात समन्वयकको जिम्मेवारी दिइएको छ। IIFTसँग गरिएको सम्झौता तीन वर्षका लागि रहेको छ र यसलाई वार्षिक रूपमा समीक्षा गरिने जनाइएको छ।

## Mr Himanshu Gowat

पोस्ट–मनसुन समीक्षा कार्यक्रमका लागि भारत सरकारका उप–सचिव तथा केन्द्रीय नोडल अधिकारी हिमांशु गोवटको दुईदिने आधिकारिक भ्रमण आज सोरेङमा सम्पन्न भएको छ।

भ्रमणको समापन अवसरमा आयोजित कार्यक्रममा केन्द्रीय नोडल अधिकारीलेले सम्बन्धित विभागहरूद्वारा विभिन्न केन्द्रीय सरकारी योजनाहरू राज्यमा प्रभावकारी रूपमा कार्यान्वयन भइरहेकोमा प्रशंसा गर्नुभयो। उहाँले जिल्लाको समग्र विकासका लागि केन्द्र सरकारबाट आगामी दिनहरूमा पनि निरन्तर सहयोग रहने आश्वासन दिनुभयो। साथै, वन विभागद्वारा सञ्चालन गरिएको रूफ वाटर हार्भेस्टिङ कार्यक्रमहरूलाई उदाहरणीय पहलका रूपमा प्रशंसा गर्नुभयो।

## लाचेन

उत्तर सिक्किमको प्रमुख पर्यटकीय गन्तव्य लाचेन यसै वर्षको फेब्रुअरीसम्म पर्यटकका लागि पुनः खुल्ने सम्भावना रहेको पर्यटन विभागले जनाएको छ। 2023-मा आएको बाढी अथवा GLOF पछि करिब तीन वर्षसम्म लाचेनमा आवागमन अवरुद्ध रहेको थियो।

पर्यटन विभागका अधिकारीहरूका अनुसार ताराम छू माथि निर्माणाधीन पुलको काम तीव्र गतिमा अघि बढिरहेको छ भने जनवरीसम्म-मा सम्पन्न हुने अपेक्षा गरिएको छ। पुल सञ्चालनमा आएपछि उक्त मार्ग पुनः खुल्ने र यस क्षेत्रसँगको सम्पर्क पुनः स्थापित हुने बताइएको छ।

11th All India Chief Minister's Gold Cup Football

माघे संक्रान्ति मेलाको अवसर पारेर जोरथाङ फुटबल मैदानमा सञ्चालन भइरहेको 11th All India Chief Minister Gold Cup फुटबल प्रतियोगिताको तेस्रो दिनको खेल आज सम्पन्न भएको छ। उक्त खेलमा गान्तोक हिमालयन एफसी र Nongkesh FC (शिलाङ) बीच प्रतिस्पर्धा भएको थियो। कार्यक्रमका प्रमुख अतिथि नाम्ची–सिङ्गिथाङका विधायक तथा डेन्जोङ कृषि सहकारी संस्थाका अध्यक्ष सतिश चन्द्र राई रहनुभएको थियो। आफ्नो सम्बोधनका क्रममा उहाँले माघे संक्रान्ति मेलालाई उच्च स्तरमा पुऱ्याउन दूरदर्शी सोच र मार्गदर्शन प्रदान गर्नु भएकोमा मुख्यमन्त्रीप्रति आभार व्यक्त गर्नुभयो। आज सम्पन्न खेलमा Nongkesh FC (शिलाङ) ले 2–1 गोलको अन्तरले गान्तोक हिमालयन एससी (सिक्किम)लाई पराजित गर्दै जित हासिल गरेको छ।

---------